# बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७

**प्रस्तावना**: देशको कुल ग्राहस्थ उत्पादनको एक तिहाइ भन्दा बढि कृषि क्षेत्रबाट प्राप्त हुने र दुई तिहाइ भन्दा बढी जनसंख्या रोजगारी तथा जिविकोपार्जनको लागि यस क्षेत्रमा निर्भर रहने भएकोले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्वपुर्ण भुमिका रहेको छ ।मरिणका जमिन बर्षेनी नदी कटान, वाढी तथा चुरे क्षेत्रवाट आउने सुख्खा पहिरोबाट बगरमा परिणत भईरहेकाले खेती योग्य जमिन घट्दो क्रममा रहेको छ। जसले गर्दा समग्र उत्पादन र उत्पादकत्व घट्न गएको छ । यसै सन्दर्भमा बगरमा परिणत भएका नदी खोला किनारका जग्गाहरूलाई उपयोग गरी भुमिहिन र न्युन आय भएका कृषकहरूलाई वगरमा तरकारी खेती गराई कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि गरि कृषकहरूको जीवनस्तर सुधार गर्ने उद्देश्यले मरिण गाउँपालिकाले आ.व. २०७७/०७८ मा वगर खेती कार्यक्रमलाई महत्व दिई बजेट बक्तब्य मार्फत कार्यक्रम संचालन गर्नेगरि बजेट व्यवस्था गरेको छ । वगर खेतीलाई प्रवर्द्धन गरी वर्षेनी खेर गइरहेको जमिनको सदुपयोग गर्दै कृषकको उत्पादन र उत्पादकत्व वृद्धि गरी उनिहरुको जीवनस्तर उकास्ने उद्देश्यले वगर खेती सम्वन्धी कार्यक्रमलाई प्रभावकारी रूपमा संचालन गर्न कार्यपालिकाले वगर खेती कार्यक्रम कार्यान्वयन कार्यबिधि २०७७ स्वीकृत गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ रहेकोछ ।

(२) यो गाउँ कार्यपालिकावाट स्विकृत भएको मितिवाट लागु हुनेछ ।

(३) वगर खेती कार्यक्रम मरिण गाउँपालिका भित्र सञ्चालन गरिने छ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) बगर भन्नाले नदी/खोला किनारको उकास जमिन भन्ने बुझनु पर्दछ ।

ख) वगर खेती कार्यक्रम भन्नाले नदी/खोला किनारका खेर गईरहेका बगरमा संचालन गरिने तरकारी खेतीको उत्पादनतथा बिक्रि वितरण कार्य भन्ने बुझ्नु पर्दछ ।

ग) तरकारी खेती भन्नाले नदी/खोला किनारका बगरहरूमा लगाइने तरकारी बालीहरू जस्तै- लौका,घिरौला,फर्सी, जुकुनी,तरबुजा, खरबुजा,परबल,करेला तथा अन्य लहरे तरकारी बाली खेती भन्ने बुझनु पर्दछ ।

घ) गाउँपालिका भन्नाले मरिण गाउँपालिकालाई सम्झनुपर्छ ।

ङ) कार्यपालिका भन्नाले मरिण गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्छ ।

**३. उद्देश्यहरुः** (१) यस कार्यविधिका उद्देश्यहरु निम्न वमोजिम रहेका छनः

क) नदी/खोला किनारको बलोटे उकास जग्गाको सदुपयोग गरी तरकारी उत्पादन र उत्पादकत्व बिद्धि गर्नु ।

ख) न्युन अय भएका र भुमिहिन कृषकहरूलाई रोजगारी तथा आयआर्जनको अवसरहरू सिर्जना गरि उनिहरुको जीवनस्तरमा सुधार ल्याउनु ।

**४. कार्यक्रम संचालन गर्ने निकायः** (१) बगर खेती कार्यक्रम गाउँपालिकाको तोकिएको वडाहरूमा गठित कृषक समुह/कृषि सहकारी/कृषि फर्महरु मार्फत सञ्चालन गरिनेछ ।

**५. कार्यक्रमको लागि कृषक समुह/ कृषि सहकारी/ कृषि फर्म तथा क्लष्टर छनौटका आधारहरुः** (१) कार्यक्रमको लागि कृषक समुह/ कृषि सहकारी/ कृषि फर्म तथा क्लष्टर निम्न आधारमा छनौट हुनेछः

(क) बगर खेती गर्ने प्रस्तावित स्थल नदी/खोला आसपासको उकास वा बगर हुनुपर्नेछ ।

(ख) कार्यक्रममा न्युन आय भएका र भुमिहिन  तथा आर्थिक सामाजिक रूपले पछि परेका वर्गलाई विशेष प्रथमिकता दिनुपर्नेछ ।

(ग) बगर खेती अफ्नै जग्गा, भाडा वा करारमा लिइएको जमीनमा गर्न सकिने छ । कार्यक्रम सञ्चालनको लागि गाउँपालिकाले सार्वजनिक जग्गा नदी किनार वहाल विटौरी शुल्क लिएर लिजमा कृषक समुह, कृषि सहकारी वा कृषि फर्मलाई उपलव्ध गराउन सक्नेछ ।

(घ) बगर खेती कार्यक्रम नदी/खोला किनारको असपासको कृषक समुह, कृषि सहकारी, कृषि फर्म मार्फत क्लष्टरमा संचालन गरिनेछ ।

(ङ) गाउँपालिकाले बगर खेतीको लागि स्थानीय सम्भाव्यताको अधारमा क्लष्टर छनोट गर्ने छ ।

६. **कार्यक्रम सञ्चालन प्रक्रियाः** (१) कार्यक्रम सञ्चालनको प्रक्रिया निम्न वमोजिम हुनेछः

(क) गाउँपालिकाले वगर खेती कार्यक्रम कार्यान्वयनका लागि कष्टर छनौट गरी कृषक समुह, कृषि सहकारी वा कृषि फर्मलाई कार्यक्रम कार्यान्वयनका लागि १५ दिनको म्याद दिइ प्रस्तावना आह्वान गर्नेछ ।

(ख) नियमानुसार पेश भएका प्रस्तावना कृषि तथा पशुपंक्षी विकास शाखाबाट मुल्याङ्कन गरी स्वीकृतिको लागि अध्यक्ष समक्ष पेश गर्नेछ ।

(ग) अध्यक्ष स्तरीय निर्णयबाट छनौट भएका कृषक समुह, कृषि सहकारी वा कृषि फर्मसँग अनुसूचि-१ मा उल्लेखित ढाँचामा सम्झौता गरी स्वीकृत कार्यक्रम अनुसारका कृयाकलापहरु कार्यान्वयन तथा सञ्चालन गर्नु पर्नेछ ।

(घ) कार्यक्रममा सहभागी हुन चाहने कृषक समुह, कृषि सहकारी वा कृषि फर्मले कम्तिमा प्रति क्लष्टर २ विघा क्षेत्रफल वगरमा खेति गर्नु पर्नेछ ।

(ङ) गाउँपालिकाले छनौट भएका क्लष्टरहरूलाई आवश्यकता र मागको आधारमा यस कार्यक्रम मार्फत निम्न तालिका अनुसार प्रति क्लष्टर प्रस्तावनाको आधारमा कार्यपालिकाको निर्णय बमोजिम अनुदान रकम उपलब्ध गराइनेछ । छनौट गरिएको क्लष्टरले उत्पादन सामाग्रीहरु खरिद गरि कार्य प्रारम्भ गर्नुपर्ने छ । बगर बालीमा स्थापित भएपछि कार्य सम्पादनको आधारमा वढीमा ५० प्रतिशत रकम पहिलो किस्ता वापत भुक्तानी गरिने छ ।

<u>अनुदान प्रवाह सम्बन्धी विवरण</u>

| क सं | विवरण | परिमाण |
|---|---|---|
| १ | तरकारीको विउ वितरण | आवश्कता अनुसार |
| २ | सिंचाइ व्यवस्थापन सामाग्री सहयोग | २ एच=पि.को पानी तान्ने पम्प, २ इन्चको सिंचाइ पाइप |
| ३ | वजार व्यवस्थापन सामाग्री सहयोग | क्रेट, तराजु, आदि |
| ४ | रसायनिक विषादी वाहेक अन्य वंकल्पिक वाली संरक्षण विधिहरुको लागि सहयोग | मोहिनी पासो, जैविक विषादी, कलर ट्र्याप, आदि |
| ५ | विषादी प्रयोग गर्ने उपकरण | व्याट्रीबाट चल्ने स्प्रेयर, मास्क, एप्रोन आदि |
| ६ | तरकारी वालीको लागि स्थानीय स्तरमा उपलव्ध अस्थायी घेरावारा तथा छाप्रो | आवश्यकता अनुसार |
| ७ | वगर जग्गा करार वा भाडामा लिने (आवश्यकता भएमा) | प्रति क्लस्टर वढीमा रु १००००। |
| ८ | वजारीकरणको लागि प्रतिविघा अनुदान | उत्पादन तथा वजारीकरण सम्वन्धी विवरण प्राप्त भइ सकेपछि भुक्तानी दिने । |

(च) कार्यक्रम संयोजकले फिल्ड अनुगमन गरि सकेपछि अनुगमन प्रतिवेदनका आधारमा सम्झौता अनुसार सम्पादित क्रियाकलापको लागि बाँकी अनुदान रकम भुक्तानी गरिनेछ ।

(छ) यस कार्यक्रम अन्तरगत छनौट भएका कृषक समुहले बसन्ते तरकारी बालीहरु जस्तै लौका, घिरौंला, फर्सि, जुकीनी, काक्रो, तरबुजा, खरबुजा, परवल, करेला तथा अन्य लहरे तरकारी बालीको खेती गर्नु पर्नेछ ।

(ज) कार्यक्रम कार्यान्वयनको चरण (पाईला) अनुसूची-२ मा उल्लेख भए बमोजिम हुनेछ ।

७. **कार्य सम्पन्न प्रतिवेदनः** गाउँपालिकाबाट संचालित बगर खेती कार्यक्रमको प्रगति कम्पाइल गरी अनुसूचि ३ अनुसारको मासिक, चौमासिक र बार्षिक रुपमा प्रगति प्रतिबेदन तयार गरि सम्वन्धित वडा तथा कृषि तथा पशुपंक्षी शाखामा समय सिमा भित्र पेश गर्नु पर्नेछ।

८. **अनुगमन मुल्याङ्कन व्यवस्थाः** कार्यक्रमको समन्वय, अनुगमन, मुल्याङ्कन गाउँपालिकाको कृषि तथा पशुपंक्षी विकास शाखाबाट हुनेछ

९. **कारबाहीको व्यवस्थाः** कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा गाउँपालिकाबाट लिएको अनुदान रकमको दोव्वर रकम जरीवाना गरिनेछ । त्यस्तो जरीवाना कृषि समुह, सहकारी वा फर्मको मुख्य व्यक्तिबाट सरकारी वाँकी सरह असुल उपर गरिनेछ ।

१०. **बालीविमाः** हरेक कृषक, कृषक समुह तथा सहकारीले आवश्यकताको आधारमा वाली विमा गर्न सक्ने छन ।

११. **प्रचलित कानून वमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम लागु हुनेछ ।

**१२. बाधा अड्काउ फुकाउः** यस कार्यविधि कार्यान्वयन सम्वन्धमा कुनै द्विविधा भएमा सो को निवारण कार्यपालिकाले गर्नेछ ।

अनुसुचि-१

(कार्यविधिको दफा ६(१) (ख) संग सम्वन्धित)

**<u>बगर खेती कार्यक्रम संचालनको लागि गरिने सम्झौता पत्र</u>**

मरिण गाउँपालिकाको आर्थिक सहयोगमा कृषि तथा पशुपंक्षी शाखा ............................ मार्फत संचालन गरिने चालु आ.व .................... को वगर खेती कार्यक्रम संचालन गर्न मरिण गाउँ कार्यपालिकाको कार्यालय (यस भन्दा पछाडि पहिलो पक्ष भनिने ) र .......................... कृषि फर्म ÷कृषक समुह ÷ कृषि सहकारी (यस भन्दा पछाडि दोश्रो पक्ष भनिने) वीच तपसिलका सर्तहरु बमोजिम कार्यक्रम सम्पन्न गर्न सम्झौता गरिएको छ ।

१. दोश्रो पक्षले वगरमा तरकारी खेती गर्नको लागि कम्तीमा १ विधाको क्लष्टर बनाई लहरे तरकारी खेती गर्नुपर्ने छ ।

२. पहिलो पक्षले बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ अनुसारको रकम बगर वाली स्थापना भएपछि कार्य सम्पादनको आधारमा बढीमा ५० % पहिलो किस्ता बापत र बाँकी रकम कार्यक्रम सम्पन्न भइ सकेपछि भुक्तानी गर्ने छ । पहिलो पक्षले स्वीकृत प्रस्तावना वमोजिमको कार्यक्रम अनुसार घुम्ती तालिम संचालन गर्नेछ ।

३. पहिलो पक्षबाट दोश्रो पक्षलाई वगर खेती सम्वन्धी आवश्यक प्राविधिक सल्लाह प्रदान गरिनेछ ।

४. पहिलो पक्षले नियमित रुपमा कार्यक्रमको निरीक्षण, अनुगमन तथा मुल्याङ्कन गर्नेछ ।

५. यस सम्झौतामा उल्लेखित काम गर्दा पर्न सक्ने कुनै पनि प्राकृतिक÷भवितव्यको पुर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयम हुनेछ ।

६. स्वीकृत प्रस्तावना र सो सम्वन्धी कागजात यो सम्झौताको अभिन्न अङ्ग हुनेछ ।

७. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा मरिण गाउँपालिकाको बगर खेती कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७७ तथा अन्य प्रचलित कानुन लागु हुनेछ ।

| <u>पहिलो पक्ष</u> | <u>दाश्रो पक्ष</u> |
|---|---|
| मरिण गाउँपालिकाको तर्फबाटः | कृषक समुह/कृषि सहकारी/कृषि फर्मको तर्फबाटः |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखत |
| मितिः | मितिः |
| कार्यालयको छापः | संस्थाको छापः |

अनुसुचि २

(कार्यविधि दफा ६ (१) (छ) संग सम्वन्धित)

## कार्यक्रम कार्यान्वयनका चरण

वगरखेती कार्यान्वयनका १५ पाईलाहरु

### पाईला-१
### बगर क्षेत्र छनौट र समूह निर्माण

क) वगरक्षेत्र छनौट आधार

१. गाउँवाट ३० मिनेट भन्दा कम दुरि (२ कि मि) ।

२. सुख्खा समयमा (चैत्र, वैसाख) कम्तिमा आधा मिटर देिख १ मिटर सम्म चिस्यान भएको

३. मसिनो वालुवा तथा पांगो माटो मिसिएको

४. कम्तिमा १ विघा क्षेत्रफल भएको क्षेत्र (३, ४ कट्ठा प्रति सदस्य पुग्ने)

५. वजार नजिक, वाटो व्यवस्था भएको

६. जग्गाको स्वामित्व सार्वजनिक, निजि, सामुदायिक वन

७. वन्य जीवजन्तु, चोरीवाट जोगाउन सकिने

ख) समूदाय छनौट आधार

१. भुमिहिन (४ कट्ठा भन्दा कम, न्यून भूमिसिल (४–८ कट्ठा)

२. साना किसान (८–१५ कट्ठा), अति वाढी पिडित किसान

### पाईला-२
### युवा कृषकहरु छनौट र स्थानीय कृषक अगुवा, श्रोतव्यक्ति प्रशिक्षण, क्षमता विकास र परिचालन

१. स्थानिय र समुदायले विश्वास गरेको व्यक्ति हुनुपर्ने

२. साक्षर (कम्तिमा ८ कक्षा पास) लाई प्राथमिकता

३. १८ वर्ष देखि ४५ वर्ष सम्म उमेर समुह भित्रका

४. अगुवा कृषक, स्थानिय श्रोत व्यक्तिको रुपमा काम गर्न इच्छुक

५. सिक्ने र सिकाउने शिप भएको, नेतृत्व गर्न सक्ने दक्षता

६. उद्यमशिलता तथा व्यवसायिक सोच र क्षमता भएको
७. नौला प्रयोग, अभ्यास, प्रविधी र प्रकृया को निरन्तर खोजी गर्ने
८. न्युनतम प्राविधिक जानकारी भएको (नमुना किसान)
९. विपन्न वर्ग तथा समुदाय, दलित, जनजाती, महिला, प्राथमिकता

## पाईला-३
## बिउबिजन र कृषि सामग्रीको लागि एग्रोभेट छनौट

१. एग्रोभेट छनौट
२. एग्रोभेटलाई वगरखेतीलाई आवस्यक विउको प्रकार, जात, कम्पनी वारे जानकारी
३. विउ उपलव्धता

## पाईला-४
## स्थानीय कृषक अगुवा, श्रोतव्यक्तिद्वारा समूह सदस्यहरुलाई बगरखेतीको जानकारी, बगरको जग्गा मापन र जग्गा भाडा सम्झौता

१. वगरखेती कृषकहरुलाई कृषक अगुवाहरुवाट वगर तरकारी खेती वारे जानकारी
२. जग्गा वांडफांड
३. जग्गा धनिहरुसँग सम्झौता वारे सहजिकरण, सम्झौता गर्न पहल गर्ने

## पाईला-५
## बगरको जग्गा वितरण र सूक्ष्म व्यवसायिक योजना

१. कृषकहरुलाई वगर जग्गा वितरण
२. जग्गा कम्तिमा २ विघाको प्लट हुनु पर्ने
३. नदिको विपरित दिसा तर्फ जग्गा वांडदा सवै खाले तरकारी लगाउन सकिन्छ ।

## पाईला-६
## वगर जग्गा तयारी

१. खाल्डो र नाली दुई किसिमले जग्गा तयारी गर्न सकिन्छ ।
२. नाली १ मि चौडा र गहिराई भने चिस्यानमा भर पर्छ (आधा देखि १ मि)
३. १ नाली देखि अर्को नालीको दुरि २ देखि ३ मि हुनु पर्छ ।
४. खाल्डो विधिवाट जग्गा तयार गर्दा फोरुवाले ३ फिट चौडाई र ३ फिट लम्वाई वरावरको गोलो र ३ फिट गहिराई
५. नाली पुर्व पस्चिम दिसा तर्फ वनाउनु पर्छ ।

## पाईला-७
## बिउ बिजन तथा कृषि सामग्री व्यवस्थापन, वितरण र बीउ रोपण

१. विउलाई सोझै वारीमा रोप्न सकिन्छ र प्लाष्टिक टनेल भित्र विरुवा तयार गरि रोप्न सकिन्छ ।
२. जाडो मैसमा टुसाउन विउलाई १ दिन सम्म भिजाई जुटको वोरामा पोका पारेर तातो ठाउंमा राखेमा २,३ दिनमा टुसांउछ तयस पछि रोप्न सकिन्छ।
३. टुसाएको विउको टुसोलाई तल पारेर वा तेर्सो पारेर रोप्न सकिन्छ ।
४. प्लाष्टिक टनेल वा तातो नर्सरि निर्माण गरि जाडोमा छिटो विरुवा हुर्काई रोप्ने
५. वजारमा छिटो पुर्याई ज्यादा मुल्य लिन सकिन्छ ।
६. प्लाष्टिक टनेल चौडाई १ मि र लम्वाई आवस्यकता अनुसार लामो वनाउने।
७. २ इन्च चौडाई र ५ इन्च लम्वाई प्लाष्टिक थैलामा माटो र पाकेको कम्पोष्ट मल, गोठ मल र वालुवा मिसाई भर्ने र विउ रोप्ने
८. टनेललाई राति वन्द र दिउंसो घाम लागेको वेला साईडवाट खोली दिनु पर्छ ।
९. ३ लटमा लगाउन सकिन्छ । कार्तिक र मंसिर, पौष र माघ १५ पछि ।

## पाईला-८
## कृषि विकास वैंकसँग वाली सुरक्षणको लागि सम्पर्क

१. तरकारी व्यासायिक खेतीलाई कृषि विकास वैंकमा समन्वय गरी वाली सुरक्षण कार्यक्रम अन्तर्गत प्राकृतिक विपत्तिवाट हुने नोक्सानीवाट लागत मुल्य सुरक्षण गर्न सकिन्छ ।
२. १ कट्ठामा तरकारी खेती गर्न रु १०,००० लागत
३. १ कट्ठाको रु १०,००० लागतको ८ प्रतिशत प्रिमियम ले रु ८०० हुन्छ
४. १ कट्ठाको लाग्ने प्रिमियमको रु ८०० (२५ प्रतिशतले रु २०० किसानले र ७५ प्रतिशतले रु ६०० कृषि विकास वैक व्यहोने ।
५. यो प्रकृया पटक पटक गरि विभिन्न वालीमा वाली सुरक्षण गर्न सकिन्छ ।
६. १ वाली देखि अर्को वालीको वाली सुरक्षण गर्दा आफ्नो समूहले लगानी गरेको प्रिमियमको ७५ प्रतिशत निकाली अर्को वालीमा यो प्रकृया निरन्तर गर्न सकिन्छ ।

## पाईला-९
## उपयुक्त सिंचाई प्रविधि प्रवर्द्धन

१. सुरुको १ महिना विरुवा सानो हुने भएकोले हजारी वाट आवस्यकता अनुसार सिंचाई गर्ने ।
२. यदि चिस्यान भेटिने गरि जमिन तयारी गरेको छ भने (१ मि सम्म गहिराई) विरुवा अवस्था र अत्याधिक लामो समय सम्मको सुख्खा अवस्था वाहेक अरु वेला खासै सिंचाईको आवस्यकता पर्दैन ।
३. विरुवामा वोट वृद्धि, फूल फुल्ने र फल लाग्ने अवस्थामा ज्यादा सिंचाई आवस्यकता पर्छ ।

## पाईला-१०
## थप मल, छापो, आदि व्यवस्थापन

१. १ महिनामा ३/४ पातको विरुवा भए पछि र फूल फुल्ने वेला थप रसायिनक मलको आवस्यकता पर्दछ ।

२. विरुवा ३/४ पात भई लहरा लाग्न थाले पछि छ्यापो व्यवस्थापन गर्ने जसले चिसो कायम, लहरा फैलिन र फल दाग लाग्वाट जोगाउंछ ।
३. पुस माघमा विरुवा सानो हुँदा तुषारोले नोक्सान पार्न सक्ने हुंदा खर या अन्य सुख्खा झारपाते छेक्नु पर्छ ।

## पाईला-११
## सूक्ष्म तत्वहरुको प्रयोग तथा बाली संरक्षण अभ्यास

१. विरुवालाई रोग किरा लागेमा समयमा उपचार गर्नु पर्छ र उपचार गर्दा घरेलु विषादीलाई प्राथमिकता दिनु पर्छ ।
२. विरुवा वृद्धि, पोथी फुल वढाउन, फल मजवुत वनाउन विभिन्न सुक्ष्म तत्वहरु प्रयोग गर्न सकिन्छ जस्तै पुमा ५५, केटोनिक, केफ्लावर, मल्टिप्लेक्स ।

## पाईला-१२
## तरकारी, व्यापारीहरुसंग सम्पर्क र छलफल

१. व्यापारी, वजारको दुरि हेरी वजार व्यवस्थापन गर्न सकिन्छ ।
२. एउटै व्यापारी संग मात्र भर नपरी विभिन्न वयापारी संग सम्पर्क गरि विस्वासिलो व्यापारी संग सम्वन्ध विस्तार गर्न सकिन्छ ।
३. तरकारीको परिमाण हेरी नजिक र टाढाको व्यापारीसँग सम्वन्ध राख्ने ।
४. व्यापारी, उपभोक्तको चाहना अनुसार तरकारीको जात, साईज (आकार) लाई ध्यान दिनु पर्छ ।

## पाईला-१३
## वाली टिपाई विधि र समय, सरसफाई र ग्रेडिङ्ग

१. विरुवाको रंग, आकार, कडापन, वास्ना, स्वाद आदिवाट पनि वालीको टिप्ने वेला भए, नभएको विचार गर्न सक्निछ ।
२. साधारणतया टाढाको वजारको वाली टिप्दा आधा पाकेको र नजिकको वजारको लागि टिप्दा राम्रो पाकेको फल टिप्नु पर्दछ ।

३. तरवुजाको फल टिप्ने वेला वोटको पुरानो पात सुकेको, रंग क्रिम जस्तो, फललाई वजाउँदा दमाहा जस्तो आवाज आउने, भेट्नो सुकेको हुन्छ ।
४. काक्रोको हकमा फल हरियोवाट हल्का सेतो भएको पहेंलो भई नसकेको र फलमा, देखिने काँडा मरिसकेको हुनु पर्छ ।

## पाईला-१४
## तरकारी बेचबिखन तथा व्यावसायिक योजना पूनरावलोकन

१. फललाई सफाई, साईज अनुसार छुट्टा छुट्टै राखी वेच्दा ज्यादा मुल्य पाउन सकिन्छ ।
२. अन्न वाली संग गाउघरमा नै साटसाट गरेर पनि विक्रि गर्न सकिन्छ ।
३. तरकारी विक्रि गरी सकेपछि व्यवसायिक योजनाको समिक्षा गरि अर्को सिजनलाई विचार गर्न सकिन्छ ।

## पाईला-१५
## बगरखेतीको थप आम्दानीलाई अन्य उत्पादनशील विकल्पहरुमा पूनर्लगानी

४. वगर तरकारीवाट उल्लेखनिय रुपमा फाइदा लिन कम्तिमा ६ कट्ठामा खेती गर्न सके त्यसवाट हुने थप आम्दानीवाट अन्य फायदाजनक व्यवसायमा लगानी गर्न सकिन्छ

अनुसूची -३

(दफा ७ सँग सम्वन्धित)

## वगर खेती कार्यक्रमको प्रगती विवरण पठाउने फारम ढाचा

१. कृषक समुह/कृषि सहकारी/कृषि फर्मको नामः

२. ठेगानाः

३. आ.व.

४. प्रगती प्रतिवेदन अवधिः चौमासिक/वार्षिक

| क्र सं | कृषकको नाम | तरकारी वालीको नाम | क्षेत्रफल (विघा) | उत्पादन (क्विन्टल) | विक्री मुल्य (प्रति क्विन्टल) | कुल आम्दानी रु | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

प्रति ईकाई उत्पादित तरकारीको  स्थानीय वजारमा विक्रि मुल्य

१. ......................................

२. ..............................................

३. ..............................................

नामः

ठेगानाः

मितिः